# स्वामीकार्तिक खापर गाउँपालिका
## सुईजीउला, वाई, बाजुरा
## सुदूरपश्चिम, प्रदेश, नेपाल

---

**स्वामीकार्तिक खापर गाउँपालिकाद्वारा प्रकाशित:**

---

## स्थानीय राजपत्र

---

**खण्डः १०** **संख्याः १** **मितिः २०८३/०३/३२**

---

## भाग–१

## स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक ऐन, २०८३

---

**प्रस्तावना :**

स्वामीकार्तिक खापर गाउँपालिका आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम स्वामीकार्तिक खापर गाउँ कार्यपालिकाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस को नाम "स्वामीकार्तिक खापर गाउँपालिका आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**२. सम्पत्ति कर :**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर, घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ।

**३. भुमि कर (मालपोत) :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमि कर (मालपोत कर ) लगाइने र असूल उपर गरिनेछ।

**४. घर बहाल कर :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाउने र असूल गरिने छ।

**५. व्यवसाय कर :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यावसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यावसाय कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी जीवजन्तु :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरन्जन कर :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर मानिने छ। तर प्रदेश कानुन भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल गरिने छ।

**११. पार्किङ शुल्क :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर मानिनेछ।

**१२. टेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्यालर र र्याफ्टीङ्ग शुल्क :**

स्वामीकार्तिक खापर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र टेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्यालर र याफ्टीङ्ग सेवा वा व्यवासय संचालन गरे वापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१३. सेवा शुल्क दस्तुर :**

स्वामीकार्तिक खापर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

**अनुसूची – १**
**(ऐनको दफा २ सँग सम्बन्धित)**
**सम्पत्ति / घर जग्गा कर**

अनुसूची १ बमोजिम मुल्याङ्कनको मुल्य बमोजिम

- १ लाख सम्मको वार्षिक — रु. ५०।-
- १ लाख देखि ५ लाख सम्मको वार्षिक — रु. १००।-
- ५ लाख देखि २५ लाख सम्मको वार्षिक — रु. ५००।-
- २५ लाख देखि ५० लाख सम्मको — रु. ८००।-
- ५० लाख भन्दा माथीको वार्षिक — ०.०१० प्रतिशत वृद्धि हुदै जाने

**अनुसूची – २**
**(ऐनको दफा ३ सँग सम्बन्धित)**
**भूमिकर (मालपोत)**

१. पाखो जग्गा वर्गमिटर रु ०.०५
२. खेत प्रति वर्गमिटर रु ०.१०
माथि उल्लेखित दरको आधारमा प्रत्येक आर्थिक वर्षको समाप्तिको १५ दिन अगाबै असल गरिने छ। सो समायावधि भित्र मालपोत कर दाखिला नगर्ने करदाताको हकमा १३ प्रतिशत थप विलम्ब शुल्क असल गरिनेछ।

**अनुसूची – ३**
**(ऐनको दफा ४ सँग सम्बन्धित)**
**घर जग्गा बहाल कर**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएमा व्यक्ति वा संस्थाबाट मासिक सम्झौता रकमको १० प्रतिशत बहाल कर असूल गरिने छ।

**अनुसूची – ४**
**(ऐनको दफा ५ सँग सम्बन्धित)**
**व्यवसाय कर दर रेट**

| क्र.सं. | विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | **होटेल, लज रेष्टुरेन्ट तथा नास्ता पसल** | |
| | होटल तथा नास्ता पसल | ३००० |
| २ | **उद्योग** | |
| | उत्पादन मुलक उद्योग | ५००० |
| | उर्जा मुलक उद्योग | ५००० |
| | कृषि तथा वनजन्य उद्योग | २००० |
| | खनिज उद्योग | १०,००० |
| | पर्यटन उद्योग | १०,००० |
| | सेवा उद्योग | २००० |
| | निर्माण उद्योग | ८००० |
| ३ | **पशुपालन फर्म** | |
| | बाख्रा | १५०० |
| | गाई | २००० |
| | भैंसी | २००० |
| | बंगुर | २५०० |
| | मत्स्य पालन | २५०० |
| | मौरी पालन | ३००० |
| | कुखुरा पालन | २५०० |
| ४ | **अन्य साना उद्योग** | |
| | ग्यारेज | ७००० |
| | टिउसन, कोचिङ सेन्टर, कम्प्युटर इन्सिच्युट | ६००० |
| ५ | **चिया तथा कफी पसल तर्फ** | |
| | चिया नास्ता पसल | १००० |
| ६ | **माछा मासु पसल तर्फ** | |
| | माछा मासु कटिङ्ग विक्रि पसल | २००० |
| ७ | **फलफुल पसल तर्फ** | |
| | फुटकर विक्रेता | १००० |
| ८ | **सागसब्जी तथा तरकारी पसल तर्फ** | |
| | फुटकर विक्रेता | १००० |
| ९ | **आयुर्वेदिक औषधि तर्फ** | |
| | आयुर्वेदिक औषधि फुटकर विक्रेता | ३००० |
| १० | **स्वास्थ्य सेवा तथा क्लिनिक** | |
| | औषधि पसल | ५५०० |
| | औषधि पसल एक्सरे समेत भएको | ७७०० |
| | डेन्टल क्लिनिक | ५५०० |
| | एग्रोभेट र पशुपंक्षी ओषधि पसल | ४४०० |
| ११ | **साना तथा खुद्रा व्यवसाय** | |
| | सिलाई पसल | ३००० |
| | व्यूटिपार्लर पसल /कस्मेटिक पसल / खेलौना सजावट पसल | २५०० |
| १२ | **मट्टितेल/पेट्रोल पम्प तथा अन्य व्यवसाय** | |

| | | |
|---|---|---|
| | पेट्रोल पम्प /डिजल पम्प/मट्टितेल | १५००० |
| | किराना पसल थोक विक्रेता | ६००० |
| | किराना पसल र खुद्रा विक्रेता पसल | ३५०० |
| | हार्डवेयर तथा निर्माण सामाग्री पसल | ६००० |
| **१३** | **इलोक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान विक्री तथा मर्मत पसल** | |
| | इलोक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान विक्रि तथा मर्मत पसल | ५००० |
| **१४** | **अन्य व्यवसाय तर्फ** | |
| | फेन्सी तथा सु–सेन्टर | ५००० |
| | टेन्ट हाउस, डि.जे. साउन्ड | ५००० |
| | छापाखाना | १२,००० |
| | स्टेशनरी तथा पुस्तक पसल | ६००० |
| | ठेक्कापट्टा सम्बन्धि व्यवसाय | १०,००० |
| | निर्माण व्यवसाय नविकरण | १२,००० |
| | इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १०,००० |
| | पेन्टिङ्ग आर्ट पसल | ५५०० |
| | सुनचाँदी व्यवसाय | ५५०० |
| | कपाल काट्ने पसल | २२०० |
| **१५** | **शिक्षा सेवा निजि क्षेत्रका स्कूल, क्याम्पस, विश्व विद्यालय सबै वार्षिक** | |
| | शिक्षा सेवा निजि क्षेत्रका स्कूल, क्याम्पस, विश्व विद्यालय सबै | ३००० |
| **१६** | **संचार सेवा वार्षिक** | |
| | संचार | ३००० |
| **१७** | **वित्तिय सेवा, बचत तथा ऋण सहकारी वार्षिक** | |
| | वित्तिय सेवा | ३००० |
| | बचत तथा ऋण सहकारी | २५०० |
| | कृषि तथा महिला सहकारी | १००० |
| **१८** | **विविध** | |
| | अन्य कुनै छुट व्यवसाय | ० |

**अनुसूची – ५**

**(ऐनको दफा ६ सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी जीवजन्तु कर**

| क्र.स. | जडिबुटि | गा.पा.मा. उत्पादन हुने प्रतिकेजी रु. |
|---|---|---|
| १ | कटुकी प्रति केजी | २५ |
| २ | अत्तिस | ३० |
| ३ | जटामसि | २५ |
| ४ | चिराइतो | २५ |
| ५ | कालादाना | २५ |
| ६ | भुतकेश | २५ |
| ७ | गुच्चीच्याउ | ५५० |
| ८ | सिलाजित | ३० |
| ९ | काँकडशिलो | ३० |
| १० | भोजपत्र | २० |

| | | |
|---|---|---|
| ११ | सुगन्धवाला | २० |
| १२ | सुनपाते | २० |
| १३ | विषजरा | २५ |
| १४ | पोडे | ३० |
| १५ | पदमचाल | २५ |
| १६ | पाँचऔले | ७० |
| १७ | घोडामर्चा | १५ |
| १८ | सतुवा | ४५ |
| १९ | डालेचुक | २० |
| २० | धुपजडी | २० |
| २१ | लौठ सल्ला | २५ |
| २२ | रातो च्याउ | ३० |
| २३ | काठको फुरुप्रति गेटा | २५ |
| २४ | सल्ली झुलो | १० |

**अनुसूची – ६**

**(ऐनको दफा ७ सँग सम्बन्धित)**

**सवारी कर**

| क्र.स. | सवारी साधनको किसिम | वार्षिक रु. |
|---|---|---|
| १ | मोटरसाइकल | ११० |
| २ | प्राइभेटकार जिपभ्यान | १२०० |
| ३ | भाडा कार जिपभ्यान | १२०० |
| ४ | प्राइभेट टेम्पु | २२० |
| ५ | भाडा टेम्पु | २२० |
| ६ | ट्र्याकटर | ६००० |
| ७ | मिनिबस बस ट्रक | ८००० |
| ८ | हेभि गाडि डोजर क्रेन | १२००० |

**अनुसूची – ७**

**(ऐनको दफा ८ सँग सम्बन्धित)**

**विज्ञापन कर**

| क्र.स. | प्रकार | वार्षिक रु. |
|---|---|---|
| १ | इलेक्ट्रोनिक्स विज्ञापन सामाग्री | १५० |

| | | |
|---|---|---|
| २ | पर्खालबार, भित्ता आदिमा लेखिएको प्रतिवर्ग फिट | १०० |
| ३ | सार्वजनिक स्थलमा | १५० |
| ४ | सामान्य व्यानर, पोल व्यानर | १५० |
| ५ | प्रचार प्रसार गर्ने भेन गाडी | २००० |
| ६ | आकाशमा गरिने | १५० |
| ७ | खेलकुद मैदानमा | १५० |
| ८ | साइनबोर्ड प्रति वर्ग फिट | २५० |
| ९ | हेडिङ्गबोर्ड प्रति वर्ग फिट | १५० |

**अनुसूची – ८**
**(ऐनको दफा ९ सँग सम्बन्धित)**
**मनोरन्जन कर**

| क्र.स. | विवरण | रकम रु. |
|---|---|---|
| १ | जादु सर्कस प्रति पटक | २५० |
| २ | नाटक प्रति पटक | २५० |
| ३ | दोहोरी साँझ वार्षिक | ६००० |
| ४ | मेला महोत्सब पटक | ७०० |

**अनुसूची – ९**
**(ऐनको दफा १० सँग सम्बन्धित)**
**बहाल विटौरी कर**

| क्र.स. | विवरण | | वार्षिक रु. |
|---|---|---|---|
| | गा.पा.ले निर्माण गरेकोमा | रेखदेख वा सञ्चालन गरेकोमा | |
| १ | हाटबजार | हाटबजार | १२०० |
| २ | पसल | पसल | २००० |
| ३ | अन्य | अन्य | १५०० |

**यस गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गा जमिन भोग चलन गरिरहेको हकमा समेत माथि उल्लेखित दरमा बहाल विटौरी कर लाग्नेछ ।**

**अनुसूची – १०**
**(ऐनको दफा ११ सँग सम्बन्धित)**
**पार्किङ शुल्क**

**यस सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।**

## अनुसूची – ११
### (ऐनको दफा १२ सँग सम्बन्धित)
### पर्यटन शुल्क

| क्र.स. | विवरण | बार्षिक रु. |
|---|---|---|
| १ | टेकिङ | २००० |
| २ | कायोकिड | २००० |
| ३ | क्यानोइड | २००० |
| ४ | बन्जीजम्पिङ | २००० |
| ५ | जिपफ्लायर | २००० |

दुरी अनुसार र्याप्टिङ सेवा शुल्कको दर रेट :

| क्र.स. | पर्यटन किसिम | धुलाचौर देखि पिलुचौर | कैलाश ताल |
|---|---|---|---|
| १ | बाह्य पर्यटक | २५ डलर | १५ डलर |
| २ | विद्यार्थी | १०० रु. | ५० रु. |
| ३ | आन्तरिक पर्यटक | ५०० रु. | २०० रु. |

## अनुसूची – १२
### (ऐनको दफा १३ सँग सम्बन्धित)
### सेवा शुल्क दस्तुर

| क्र.स. | विवरण | रकम रु. |
|---|---|---|
| | **सिफारिस दस्तुर/प्रमाणित दस्तुर** | |
| | सामान्य सिफारिस | ५० |
| | नागरिकता सिफारिस | ५० |
| | नागरिकताको प्रतिलिपि सिफारिस | १०० |
| | नाता प्रमाणित | १०० |
| | जन्म मिति प्रमाणित | ५० |
| | विवाहित तथा अविवाहित प्रमाणित | ५० |
| | नाबालक सिफारिस | ५० |
| | अङ्ग्रेजीमा गरिने सबै सिफारिस तथा प्रमाणित | २०० |
| | दलित पिछडावर्ग सिफारिस | ५० |
| | व्यक्तिगत विवरण प्रमाणित | ५० |

| | | |
|---|---|---|
| | फरक फरक नाम, थर सिफारिस | ५० |
| | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | ५० |
| | बसोबास प्रमाणित | ५० |
| | चारित्रिक प्रमाणित | ५० |
| | घर पाताल प्रमाणित | १०० |
| | जिवित सँगको नाता प्रमाणित | ५० |
| | हकवाला वा हकदार प्रमाणित | ५० |
| | संरक्षक प्रमाणित | ५० |
| | कागज र मन्जुरीनामा प्रमाणित | ५० |
| | जग्गा मुल्याङ्कन सिफारिस प्रमाणित | २०० |
| | आर्थिक अवस्था कमजोर वा विपन्नता वा आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | ५० |
| | वैवाहिक अङ्घिकृत नागरिकता सिफारिस | २०० |
| | बहाल करको लेखा जोखा सिफारिस | १०० |
| | मोही लगत कट्टाको सिफारिस | ५० |
| | घर जग्गा करको लेखा जोखा गरी सिफारिस | १०० |
| | व्यापार व्यावसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस | १०० |
| | मिलापत्रको कागज गराउने निवेदन गर्न सिफारिस | २०० |
| | निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस | १० |
| | पुर्जामा घर कायम गर्न सिफारिस | १०० |
| | नाम, थर वा जन्म मिति संशोधनको सिफारिस | १०० |
| | जग्गाधनी पूर्जा हराएको सिफारिस | १०० |
| | कित्ताकाट गर्न सिफारिस | १०० |
| | नामसारी गर्न सिफारिस | १०० |
| | जग्गाको हक सम्बन्धमा सिफारिस | १०० |
| | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | १०० |

| | | |
|---|---|---|
| | व्यवसाय ठाउँसारी गर्न सिफारिस | २००० |
| | जीवीत रहेको सिफारिस | १०० |
| | शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपि | ३०० |
| | विद्यालय खोल्ने सिफारिस | २००० |
| | विद्यालयको कक्षा थप गर्न सिफारिस | १००० |
| | विद्यालय ठाउँसारी गर्न सिफारिस | २००० |
| | पालन पोषणको लागि सिफारिस | १०० |
| | धारा तथा विधुत जडानको लागि सिफारिस | १०० |
| | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित | १०० |
| | कुनै कृषि उपज निकासा सिफारिस | १००० |
| | कवाडी सामान निकासीजन्य दस्तुर | प्रति केजि रु. २।- |
| | स्थानीय वस्तुभाउ (भेडा बाख्रा बोका) निकासी दस्तुर | प्रति गोटा रु.१०।- |
| | **उद्योग तथा व्यवसाय दर्ताको लागि गरिने सिफारिस दस्तुर** | |
| | कुटानी पिसानी मिल | २०० |
| | सिमेन्ट टायल तथा ब्लक | २०० |
| | डेरी उद्योग | २५० |
| | होटल लज रेष्टुरेन्ट | २०० |
| | ह्याचरी उद्योग | २०० |
| | पोल्टी फमृ दर्ता | २०० |
| | कृषि/पशुपालन फर्म दर्ता | २०० |
| | स्टिल भाडा वर्तन तथा फर्निचर उद्योग | २०० |
| | काठको फर्निचर उद्योग | २५० |
| | इलेक्ट्रोनिक्स एण्ड इलेक्टीकल्स | २०० |
| | पेट्रोल एंव डिजल पम्प समेत (आयल स्टोर) | २५० |
| | विस्कुट/पाउरोटी/चकलेट/नमकिन/चाउमिन उद्योग | २०० |

| | | |
|---|---|---|
| | मोटर ग्यारेज | २५० |
| | ट्युसन, कोचिङ सेन्टर, भाषा पाठशाला, कम्प्युटर इन्सिटिच्युट | २०० |
| | टेन्ट हाउस/डिजे साउड सिस्टम | २०० |
| | खोका छाप्रा दर्ता शुल्क | १५० |
| | सुन चाँदी व्यवसाय दर्ता | २०० |
| | फैन्सी पसल दर्ता | २०० |
| | **घ वर्गको निर्माण व्यवसायको सेवा शुल्क** | |
| | इजाजत पत्र दर्ता शुल्क | ११००० |
| | इजाजत पत्र हकवालाको नाममा नामसारी शुल्क | १५०० |
| | इजाजत पत्र हकवाला वाहेकको नाममा नामसारी शुल्क | १८०० |
| | इजाजत पत्र नविकरण शुल्क असोज मसान्त भित्र सम्मको | ६००० |
| | इजाजत पत्र नविकरण शुल्क चैत मसान्त भित्र सम्मको | ७००० |
| | इजाजत पत्र नविकरण शुल्क चैत मसान्त भन्दा पछाडी | ८००० |
| | इजाजत पत्र खारेज शुल्क | १००० |
| | इजाजत पत्र प्रतिलिपी शुल्क | ३००० |
| | **घर बाटो भए/नभएको प्रमाणित** | |
| | ग्रामिण क्षेत्र | १०० |
| | बजार क्षेत्र | २०० |
| | आय स्रोत प्रमाणित | |
| | **स्वदेश प्रयोजनको हकमा** | |
| | रु.१० लाख सम्म | २०० |
| | रु.१० लाख एक देखि रु.२५ लाख सम्म | ३०० |
| | रु.२५ लाख देखि माथि | ५०० |
| | **बैदेशिक प्रयोजनको लागि** | |
| | वैदेशिक आय प्रमणित | कुल आयको ०.०५ प्रतिशत |
| | **बैंक तथा वित्तीय संस्था सिफारिस दस्तुर** | |

| | | |
|---|---|---|
| | बचत तथा ऋण सहकारी संस्था सिफारिस दस्तुर | ३०० |
| | सार्वजनिक मठ मन्दिर गुम्बा, चर्च, पाटी पौवाको हकमा सिफारिस दस्तुर | २५० |
| | **पशु सेवा शुल्क दस्तुर** | |
| | गाई,भैंसी परिक्षण शुल्क | २० |
| | बाख्रा परिक्षण शुल्क (प्रति गोटा) | १० |
| | कुखुरा, हाँस परिक्षण शुल्क (प्रति गोटा) | ५ |
| | कुकुर,बिरालो परिक्षण शुल्क | २० |
| | **कृत्रिम गर्भाधान कार्यालयमा गरेको** | |
| | गाई,भैंसी, घोडा, गधा, खच्चर | ५०० |
| | बाख्रा, भेडा, च्याङ्ग्रा | ३०० |
| | गोबर परिक्षण, पिसाब परिक्षण | २०० |
| | **दर्ता तथा नविकरण शुल्क** | |
| | सहकारी दर्ता | २५०० |
| | सहकारी नविकरण | १००० |
| | कृषि,पशुपन्छी व्यवसाय दर्ता | १५०० |
| | कृषि,पशुपन्छी व्यवसाय  नविकरण | ८५० |
| | कृषि पशु समुह तथा अन्य सामाजिक समुह दर्ता (वालवालिका, महिला,युवा, अपाङ्ग, हलिया, खलिया) | ७०० |
| | कृषि पशु समुह तथा अन्य सामाजिक समुह नविकरण (वालवालिका, महिला,युवा, अपाङ्ग, हलिया, खलिया) | ३५० |
| | कृषि, पशु, वन, विद्युत, जलस्रोत दर्ता सिफारिस | २०० |
| | हातहतियार नविकरण | १००० |
| | **सूचिकृत** | |
| | फर्म सूचिकृत | २०० |
| | सूचिकृत प्रमाण पत्र | ८०० |

**नोट: जहाँ प्रतिलिपि दस्तुर रु. ५०० लाग्नेछ । तोकिएको समायावधि भित्र व्यवसाय दर्ता नविकरण नगरेमा १० प्रतिशत विलम्ब शुल्क असुल गरिनेछ ।**

**१४. गिट्टी बालुवाको दररेट**

| क्र.सं. | विवरण | दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | बालुवा प्रति ट्रली | ६०० | |
| २ | गिट्टी प्रति ट्रली | ५०० | |

**नोट: यस गाउँपालिकाले वातावरण प्रभाव मूल्याङ्कन गरेपछि मात्र दहत्तर/बहत्तर दस्तुर शुल्क लिइनेछ।**

**१५. स्थानीय उत्पादित खाद्य पदार्थ र अन्य उत्पादित बस्तुको दररेट**

| क्र.सं. | विवरण (प्रति के.जी) | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | चामल | ७० | |
| २ | गैहु | ४० | |
| ३ | कोदो | ३५ | |
| ४ | जौ | ५० | |
| ५ | मकै | ५० | |
| ६ | कागुनो | ३० | |
| ७ | फापर | ५० | |
| ८ | चिनो | ३५ | |
| ९ | सिमि | १८० | |
| १० | मास | २०० | |
| ११ | मसुरो | १५० | |
| १२ | गहत | २०० | |
| १३ | भटमास | १२० | |
| १४ | जुनेलो | २५ | |
| १५ | मार्से | १४० | |
| १६ | अरहर | ८० | |

**नोट: यस गाउँपालिकाबाट उत्पादित स्थानीय कृषि तथा कृषिजन्य वस्तु निकासी गर्दा घाटपद्दि गरेर प्रति केजी रु.०.८ रुपैंयाका दरले निकासी शुल्क लिइनेछ।**

**१६. पशुपन्छि जन्य उत्पादन बस्तुको दररेट**

| क्र.सं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | मासु खसी प्रति के.जी. | ८०० | |
| २ | कुखुरा बोइलर प्रति के.जी. | ५५० | |
| ३ | भेडा प्रति के.जी. | ८०० | |
| ४ | लोकल कुखुरा प्रति के.जी. | ६५० | |
| ५ | माछा प्रति के.जी. | ७०० | |
| ६ | घिउ प्रति के.जी. | १२०० | |
| ७ | मह प्रति के.जी. | १५०० | |
| ८ | दुध प्रति लिटर | १२० | |
| ९ | दहि प्रति लिटर | १३० | |

**१७. फलफुलको दररेट**

| क्र.सं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | स्याउ ग्रेडिङ गरको प्रति के.जि. | ५० | |

| | | | |
|---|---|---|---|
| २ | स्याउ ग्रेडिङ नगरको प्रति के.जि | ४० | |
| ३ | केरा दर्जन | १२० | |
| ४ | ओखर प्रति वटा | ५ | |

**१८. तरकारी को दररेट**

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | आलु प्रति के.जी. | ४० |
| २ | प्याज प्रति के.जी. | ५० |
| ३ | टमाटर प्रति के.जी. | ७० |
| ४ | लसुन प्रति के.जी. | १५० |
| ५ | खुर्सानी हरियो प्रति के.जी. | १०० |
| ६ | खुर्सानी सुकेको प्रति के.जी. | ६०० |
| ७ | हल्दी प्रति के.जी. काचो | ९० |
| ८ | चिया प्रति ग्राम | १५ |
| ९ | अदुवा प्रति के.जी. | १२० |
| १० | फर्सि प्रति के.जी. | ५० |
| ११ | मुला प्रति के.जी. | **३०** |
| १२ | भान्टा प्रति के.जी. | **५०** |
| १३ | गाँजर प्रति के.जी. | **६०** |
| १४ | हल्दी सुकेको प्रति के.जी. | ३०० |
| १५ | काँख्रा प्रति के.जि. | १०० |

**१९. घरेलु उत्पादित बस्तुहरु**

| क्र.सं. | विवरण | दररेट(रु.) |
|---|---|---|
| १ | राडी | ७००० |
| २ | लिउ | ६५०० |
| ३ | फेरुवा | ५००० |
| ४ | डोको | ५०० |
| ५ | खारे | ५०० |
| ६ | छाप्री टोकरी | २०० |
| ७ | सुपो | ३०० |
| ८ | हलो | २००० |
| ९ | भडौन्या | ५०० |

**२०. गाउँपालिकाको सम्पत्तिको उपयोगबाट लाग्ने शुल्क**

| **क्र.सं.** | **विवरण** | **दर रु.** | **कै.** |
|---|---|---|---|
| **१** | **एक्जाभेटर** | | |
| | एक्जाभेटर बकेट सहित | ३००० | तेल नहालेर प्रति घण्टा |
| | एक्जाभेटर ब्रेकर सहित | ३५०० | तेल नहालेर प्रति घण्टा |
| २ | **व्याकोलोडर** | **१८००** | **तेल नहालेर प्रति घण्टा** |

| | | | |
|---|---|---|---|
| ३ | **एम्बुलेन्स सेवा** | | |
| | सुईजिउला देखि ३ नं. वडा कार्यालय | २००० | |
| | सुईजिउला देखि भैथान | २२०० | |
| | सुईजिउला देखि फैता | १२०० | |
| | सुईजिउला देखि छापु , भौने | ७०० | |
| | सुईजिउला देखि वाई | ५०० | |
| | सुईजिउला देखि जेरा | १७०० | |
| | सुईजिउला देखि मिगु | ३००० | |
| | सुईजिउला देखि वर्कु | २२०० | |
| | सुईजिउला देखि रुडी | १५०० | |
| | सुईजिउला देखि जोरु | ३००० | |
| | सुईजिउला देखि मुक्तिकोट | ३५०० | |
| | सुईजिउला देखि वडा नं. २ फयालगाउँ | ३८०० | |
| ४ | **फेरि बोट** | | |
| | ट्याक्टर प्रति पटक | १५०० | प्रति पटक भन्नाले सोही दिन ओहोरदोहोर गरेमा सो लाई समेत समेट्नेछ। |
| | जिप प्रति पटक | ५०० | |

## वार्षिक आयको प्रक्षेपण

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | एकिकृत सम्पत्ति कर | ० |
| २ | भूमि कर ( मालपोत ) | ७,००,००० |
| ३ | घर बहाल कर | ८०,००० |
| ४ | व्यवसाय कर | ० |
| ५ | जडिबुटी कवाडी र जीवजन्तु कर | ० |
| ६ | सवारी साधन कार | ० |
| ७ | विज्ञापन कर | ० |
| ८ | मनोरञ्जन कर | ० |
| ९ | बहाल विटौरी कर | १५,००० |
| १० | पार्किङ् शुल्क | ० |
| ११ | ट्रेकिङ् लगायतका शुल्क | ० |
| १२ | सेवा शुल्क, दस्तुर | ५०,००० |
| १३ | पर्यटन शुल्क | ० |
| १४ | प्रशासनिक दण्ड जरिवाना जफत | २०,००० |
| १५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८,००० |
| १६ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० |
| १७ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ७५,००० |
| १८ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त | ८,००,००० |
| १९ | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ५०,००० |
| २० | जडिबुटी, कवाडी र जिवजन्तु कर | ७००० |
| २१ | अन्य विक्रीबाट प्राप्त रकम | ३५,००० |
| २२ | व्यक्तिगत घटना दस्तुर | ६०,००० |
| २३ | न्यायिक दस्तुर | ५,००० |
| २४ | सिफारिस दस्तुर | ५०,००० |
| २५ | नाता प्रमाणित दस्तुर | ४,५०० |
| २६ | शिक्षा क्षेत्रको आम्दानी | ३१,००० |
| २७ | अन्य कर | ८,००० |
| २८ | अन्य दस्तुर | ५०,००० |
| २९ | अन्य प्रशासनिक सेवा शुल्क | २,१०,००० |
| ३० | अन्य प्रशासनिक दण्ड जरिवाना | १५,००० |
| ३१ | अन्य राजश्व | २५,००० |
| ३२ | बेरुजु | २,०१,००० |
|  | **जम्मा** | **२५,००,०००।-** |

## अनुसूची १

### स्वामिकार्तिक खापर गाउँपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुरहरुको विवरण तालिकाः

| क्र.स. | करको विवरण | कस्ले तिर्ने | कहाँ तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घर जग्गा कर | घर धनीले | वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| २ | वहाल कर | घर धनीले वा सम्झौता अनुसार | वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| ३ | मालपोत कर | जग्गा धनीबाट | वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| ४ | व्यावसाय कर | व्यावसायीबाट | वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| ५ | सवारी कर | सवारी धनीले | वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| ६ | मनोरञ्जन कर | सेवा प्रदायकले | वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| ७ | वहाल विटौरी कर | सम्बन्धितले | गाउँपालिका कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| ८ | विज्ञापन कर | सम्बन्धितले | वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म | |
| ९ | सेवाशुल्क सम्बन्धी दस्तुरहरु | सेवाप्राप्त गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयमा | नियमानुसार | सेवाप्राप्तगर्दा | |
| १० | पर्यटन कर | पर्यटकले | गाउँपालिका कार्यालय | नियमानुसार | प्रवेश गर्दा | |
| ११ | ट्रेकिङ शुल्क | सेवाप्रदायकले | गाउँपालिका कार्यालय | नियमानुसार | असोज मसान्त सम्म | |
| १२ | पार्किङ शुल्क | पार्किङ गर्नेले | वडा कार्यालयमा | नियमानुसार | पार्किक हुँदा | |
| १३ | जडिबुटि कर | जडिबुटि निकासीकर्ताले | गाउँपालिका कार्यालय | नियमानुसार | कारोवार हुँदा | |

## अनुसूची २

## एकिकृत सम्पत्ति करको मुल्याङ्कन

| | | |
|---|---|---|
| जग्गा | | |
| क्षेत्र | प्रति रोपनी जग्गाको मूल्य | कैफियत |
| औद्योगिक क्षेत्र | | |
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | | |
| बन क्षेत्र | | |
| बगर क्षेत्र | | |
| घर | | |
| किसिम | प्रतिवर्गफुट मूल्य | कैफियत |
| आरसिसि फ्रेम स्ट्रक्चर | ३०००।- | |
| सिमेन्ट र इट्टावा ढुङ्गाको जोडाई, टिन वा स्लेटको छानो भएको | १०००।- | |
| ढुङ्गा वा इट्टामा माटोको जोडाई र टिन वा स्लेटको छानो भएका | ५००।- | |
| साना झुपडी | एकमुष्ठ मूल्य रु. ३००००।- | |

**आज्ञाले**

**नाम: रमेश सिंह भण्डारी**

**पद: प्रमुख प्रशासकीय अधिकृत**